# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## ओखलढुङ्गा

**बोलपत्र आव्हानको संशोधित सूचना।**
**(संशोधित सुचना प्रकाशित मिति : २०८३।०५।१७)**
सुचना नं. १५

यस सिद्धिचरण नगर कार्यपालिकाको कार्यालय, ओखलढुंगा बाट मिति २०८३/०५/०२ गते विभिन्न निर्माण कार्यहरु ( SM/Works/NCB/01/2083/84 र SM/Works/NCB/02/2083/84) का लागि बिद्युतीय खरिद प्रणाली ( e-GP System) मार्फत पेश गर्ने गरी आव्हान गरिएका सम्पूर्ण बोलपत्रहरु सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) , केसरमहल काठमाण्डौंको प.सं. सू.प्र.-०८३/८४, च.नं. MIT/१८२, मिति २०८३/०५/११ गतेको सूचना अनुसार हाल सञ्चालनमा रहेको e-GP System मा सुरक्षा जोखिम उच्च रहेको र प्रणाली सुधार/ मर्मतसम्भार भईरहेको हुनाले अर्को सूचना जारी नभए सम्म प्रणालीको प्रयोग स्थगन गरी हार्डकपी (Hardcopy ) मार्फत खरिद प्रक्रिया अगाडि बढाउने पत्रचार भए अनुसार उक्त बोलपत्रहरु संशोधन गरी हार्डकपी (Hardcopy ) मार्फत खरिद प्रक्रिया अगाडी बढाउनु पर्ने भएको हुदाँ ईच्छुक फर्म/कम्पनीहरुले देहायको शर्त सहित बोलपत्र खामवन्दी पेश गर्नहुन यो सुचना प्रकाशन गरिएको छ ।

**देहाय**

१. बोलपत्रदाताले यस कार्यालयमा वा यस कार्यालयको website: https://www.siddhicharanmun.gov.np बाट बोलपत्र सम्बन्धमा थप जानकारी प्राप्त गर्न सक्नुहुनेछ ।

२. यस कार्यालयबाट मिति २०८३/०५/०२ गते प्रकाशित सुचना अनुसार bolpatra.gov.np/e-GP System मार्फत बोलपत्र पेश गरिसकेको बोलपत्रदाताहरुले पुन: बोलपत्र फारम खरिद गरि हार्डकपी बोलपत्र पेश गर्नुपर्ने छ ।

३. बोलपत्र सम्बन्धि कागजात बापतको दस्तुर तल उल्लिखित बैंकमा दाखिला गरेको भौचर, निवेदन साथ बोलपत्र फारम प्राप्त गर्न सकिनेछ ।

**बोलपत्र सम्बन्धी कागजात वापतको दस्तुर दाखिला गर्ने बैंकको विवरण :**

**बैंकको नाम:** राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय ओखलढुंगा **बोलपत्र सम्वन्धी दस्तुर:** ३,०००/- (फिर्ता नहुने गरी)
**कार्यालयको नाम:** सिद्धिचरण नगरकार्यपालिकाको कार्यालय ओखलढुंगा **बैक खाता नं.:** २०७०१००३०१०१०००३
**कार्यालय कोड न.** ८०१०११००१ **राजश्व शिर्षक नं.** १४२२९
**बोलपत्र फारम पाउने स्थान:** सिद्धिचरण नगरपलिका ओखलढुंगा

४. बोलपत्रदाताहरुले बोलपत्रहरु हार्डकपी यस सिद्धिचरण नगरपालिका ओखलढुंगमा तपसिलको मिति सम्म बुझाउनु पर्ने छ । उल्लेखित मिति र समय पछि प्राप्त बोलपत्र स्वीकार हुने छैन ।

५. तोकिएको समय भित्र प्राप्त हुन आएका बोलपत्र बोलपत्रदाता वा प्रतिनिधिहरुको रोहवरमा ( बोलपत्रदाता वा प्रतिनिधि नभएपनि ) सोही दिनको १:०० बजे देखि यस कार्यालयमा खोलिने छ ।

६. बोलपत्र जमानत बापतको रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय ओखलढुंगा स्थित धरौटी खाता नम्बर २०७०१००३०३००००३ मा जम्मा गरेको सकल भौचर( दोश्रो प्रति) वा नेपाल राष्ट्र बैंकबाट "क"वर्गको ईजाजत प्राप्त बाणिज्य बैंकहरुबाट यस कार्यालयको नाममा जारी भएको बोलप जमानतपत्र पेश गर्नु पर्नेछ र त्यस्तो बोलपत्र जमानतको मान्य अवधि वोलपत्र खोल्न तय भएको मितिबाट कम्तीमा १२० दिन हुनु पर्नेछ ।

७. बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा सोको लगतै पछि कार्यालय खुल्ने दिन माथि उल्लेख गरिएको समय अनुसारनै बोलपत्र पेश गर्ने र खोल्ने मिति कायम हुनेछ । यस्तो अबस्थामा बोलपत्र र बोलपत्र जमानतको मान्य अवधि भने साविककै मिति देखि गणना गरिने छ ।

८. कुनै वा सबै बोलपत्र, पुरै वा आंशिक रुपमा स्वीकार गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहने छ ।

९. यो सूचनामा स्पष्ट नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली,२०६४ अनुसार हुनेछ ।

१०. खरिद गरिने मालसामानहरुको स्पेसिफिकेसन सम्वन्धी जानकारी लागी यस कार्यालयको website: https://www.siddhicharanmun.gov.np/र Bid Docupment मा उपलब्ध छ ।

**तपसिल**

| ठेक्का संकेत नं. | विवरण | लागत अनुमान ( मु.अ.क.तथा पिएस सहित) | जमानत रकम | बोलपत्र फारम खरिद अन्तिम दिन | बोलपत्र पेश गर्ने अन्तिम दिन | कैफियत |
|---|---|---|---|---|---|---|
| SM/Works/NCB /01/2083/84 | ६ नं. वडा कार्यालय भवन निर्माण जन्तरखानी ओखलढुंगा | ५०,४७,३६९/६८ | १,१५,०००/- | २०८३/०५/२३ १७:०० बजे | २०८३/०५/२४ १२:०० बजे | |
| SM/Works/NCB /02/2083/84 | ३ नं. वडा कार्यालय भवन निर्माण ओखलढुंगा | ५०,४९,९५६/३० | १,१५,०००/- | २०८३/०५/२३ १७:०० बजे | २०८३/०५/२४ १२:०० बजे | |

फणिन्द्र बहादुर कार्की
प्रमुख प्रशासकीय अधिकृत